जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक १४८ | २०७९ साल पुस २६ गते मंगलबार (10 Jan. 2023 Tuesday) | मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रिय किताबखानाद्वारा ई-पेन्सन. ३ पृष्ठमा : राष्ट्रिय कृषि गणनाको परिणाम ... ३ पृष्ठमाभवन भत्किँदा इजिप्टमा चार...

# दुई हुण्डी कारोबारी ५२ लाख रकमसहित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

सप्तरीको बोदेबर्साइन नगरपालिकाबाट दुई हुण्डी कारोबारी ५२ लाख रकमसहित पक्राउ परेका छन् ।

कोठा भाडामा लिई हुण्डी कारोबार संचालन गर्दै आएका बोदेबर्साइन नगरपालिका ९ देउरी वस्ने ३२ वर्षिय राम विलास साह तेली र सोही नगरपालिका ७ वस्ने ५० वर्षिय मायानन्द झा पक्राउ परेको प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट श्रोत नखुलेको तथा हुण्डी कारोबार प्रयोजनका लागी भाडाको कोठामा लुकाई राखेको ५२ खाख ८९ हजार ५ सय रुपैया समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरशे सिंहले जानकारी दिएका छन् । साह र झाले भाडामा लिएको कोठको खाट, साहले बोकेको ब्याग र झाले बोकेको झोलाबाट गरी कुल ५२ लाख ८९ हजार ५ सय रुपैया बरामद भएको प्रहरीको भनाई छ ।

सुचना अधिकारी समेत रहेका डिएसपी सिंहले गोप्य सुचनाको आधारमा नेपाल प्रहरी केन्दि्रय अनुसन्धान ब्युरो ( सिआईबी) र इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको संयुक्त टोलीले दुबै जनालाई आइतवार साँझ पक्राउ गरेको बताए ।

बोदेबर्साइन नगरपालिका ५ स्थित कौशल यादवको घरमा कोठा भाडामा लिई साह र झाले नेपाली रुपैयाको अवैध ( डुण्डी) कारोबार गरिरहेको गोप्य सूचना पाएपछी काठमाडौंबाट जिल्ला प्रहरी कार्यालयसँग समन्वय गर्दै सीआईवीको टोली यहाँ पुगेको डिएसपी सिंहको भनाई छ ।

नगदसँगै २ थान मोबाईल र हुण्डी कारोबार सम्बन्धि हिसाब किताब राखिएको ५ थान कपी समेत बरामद गरिएको तथा थप अनुसन्धानका लागी सोमवार ती दुबै जनालाई सुनसरीको इटहरीस्थित राजश्व अनुसन्धान कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जसपा मधेश प्रदेश संसदीय दलका नेतामा सरोज यादव सर्वसम्मत

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

जनता समाजवादी पार्टीको मधेश प्रदेश संसदीय दलको नेतामा सरोज यादव सर्वसम्मत चयन भएका छन् । सोमबार उनी सर्वसम्मत रुपमा संसदीय दलको नेता चयन भएका हुन् ।

सो पार्टीको नेता चयनका लागि वर्तमान मुख्यमन्त्री लालबाबु राउतको पनि दाबेदारी रहेको थियो । तर सोमबार उनले आफ्नो दाबेदारी फिर्ता लिएपनि



सरोज यादव सर्वसम्मत चयन भए । जसपाको मधेश प्रदेशसभामा १६ सांसद छन् ।

# चोरीको मोटरसाइकलसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

चोरीको मोटरसाइकलसहित दुई जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको महादेवा गाउँपालिका १ निवासी २० वर्षिय दुर्गेश सरदार र राजबिराज नगरपालिका १० निवासी ४० वर्षिय शम्भु यादव छन् ।

प्रहरीका अनुसार पुस २३ गते साँझ तिलाठी कोईलाडी गाउँपालिका ७ स्थित भन्सार कार्यालयको अगाडीबाट सोही गाउँपालिका १ निवासी मो.हरुनले पार्किङ गरेका प्र२-०१-००३ प.०१२६ न.को मोटरसाईकल चोरी भएको थियो ।

मोटरसाईकल खोजतलास गर्ने क्रममा पुस २४ गते तिलाठी कोईलाडी १ स्थितमा मोटरसाइकलमा सवार दुबै जनलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

फेला परेको मोटरसाइकल तथा दुबै जनलाई नियन्त्रणमा लिई चोरी मुद्दा दर्ता अन्तरगत सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# प्रधानमन्त्री दाहालले आज विश्वासको मत लिदै

काठमाडौँ, २५ पुस (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मंगलबार प्रतिनिधिसभाको बैठकमा विश्वासको मत लिनुहुने भएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले प्रधानमन्त्री दाहालबाट प्राप्त विश्वासको मत लिनेसम्बन्धी सूचनाबारे जानकारी गराउनुभयो ।

प्रधानमन्त्री दाहालले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम यही पुस १० गते आफू प्रधानमन्त्रीमा नियुक्त भएको र त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने प्रावधानअनुसार उक्त विषय बैठकको कार्यसूचीमा समावेश गर्न अनुरोध गर्नुभएको थियो ।

ज्येष्ठ सदस्य जबराले मंगलबार बिहान ११ बजे बस्ने प्रतिनिधिसभाको बैठकमा सो प्रयोजनका लागि समय तोकेको जानकारी गराउनुभयो ।

# कृषि उपकरण चोरी गर्ने तीन पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

कृषि उपकरण चोरी गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका १ का २८ वर्षिय संतोष भन्ने श्रीराम यादव, ३० वर्षिय मनोज साह र २५ वर्षिय दिपेन यादव छन ।

कृषकहरुले उत्पादनका लागी खेत र आसपास जडान गरेका ती कृषि उपकरणहरु रातीको समयमा चोरी गर्ने गरेको आरोपमा उनीहरु पक्राउ परेको प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट चोरी गरिएक कृषि उपकरण, बोरिङ्ग टि सकेट ३ थान, ट्युवेल २ थान, पानी तान्ने पाईप १ थान, तारसहितको कृषिमिटर १ थान र चोरी प्रयोजनका लागी प्रयोग गरिएका १ थान साईकल बरामद

***बाँकी अन्तिम पृष्ठमा***

# संबैधानिक राजतन्त्रसहितको व्यवस्थाबाट नै मुलुकको हीत हुने : किशोरी महतो



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

श्रीराम हनुमान आराधना मण्डल नेपाल तथा २०४७ को संविधान पुर्नस्थापना हाम्रो अभियानका संरक्षक किशोरी महतोले २०४७ को संविधानलाई पुर्नजिवित गरि संबैधानिक राजतन्त्रसहितको व्यवस्थाबाट नै मुलुकको हीत हुने दाबी गरेका छन् ।

सोमबार राजविराजमा पत्रकारको आयोजना गरि उनले यस्तो दाबी गरेका हुन् । उनले सत्ताका लागि राजनीतिक दलहरु जस्तोसुकै सौदाबाजीका लागि तत्पर रहने गरेका कारण जनतामा निराशा बढ्दै गएको जिकिर गर्दै राजसंस्था पुर्नस्थापनाका लागि जनतामा माहौल बन्दै गएको बताए ।

सोही कार्यक्रममा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३०१औं जन्मजयन्ति भव्य रुपमा मनाउन विभिन्न जिल्लाहरुमा एक/एक हजारका दरले कार्यकर्ता परिचालन गर्ने तयारी भइरहेको जानकारी गराइएको छ ।

कार्यक्रममा अभियानका केन्द्रिय उपाध्यक्ष डा. दीपनारायण महतोका साथै कनकलाल साह, बालदास चौधरी, बिन्देश्वर यादव लगायतले पनि २०४७ सालको संविधान पुर्नजिवित गरि संबैधानिक राजतन्त्रसहितको व्यवस्था आजको मूल आवश्यकता रहेको बताएका थिए ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार
## तपाईकै सहर राजविराजमा





आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### शौचालय निर्माणमा दिर्घकालिन सोचको अभाव

नगरलाई सुन्दर, सफा र हराभरा राख्ने अभियानका साथ राजविराज नगरपालिकाले विगतका वर्षदेखी गरिरहेको विकासीय कार्यलाई अहिले बिर्सेको छ । आफ्नै नारा बिर्सेर अहिले नगरको केही स्थानलाई कुरुप गर्ने कार्यमा लागेको छ नगरपालिका । नगरपालिकाको कार्यालयको मुख्यद्वार अगाडी विद्यालयको झ्याल बन्द गरेर शौचालय निर्माण गर्ने कार्यप्रति नगरवासी दुखी हुनुका साथै आक्रोसित बनेका छन् । सार्वजनिक शौचालय निर्माण गर्नु सह्ानिय कार्य हो । नगरवासीका साथै आवतजावत गर्ने मानिसहरुलाई शौच गर्न असुविधा नहोस् भन्ने उद्देश्यका साथ शौचालय निर्माण गरिएको हो । तर, दिर्घकालिन सोचको अभावमा कार्यालय अगाडी त्यो पनि विद्यालयको झ्याल थुनेर शौचालय बनाउनु उचित होइन् । त्यसमा पनि प्रयोगमा नआउँदै शौचालय दुर्घन्धित बन्न पुगेको छ ।

अहिले सो शौचालय फोहर हुनका साथै दुर्घन्धित भएपछि त्यहाबाट आवतजावत गर्ने मानिसहरु मुख थुनेर हिड्न बाध्य भएका छन् । निर्माण गरिएको शौचालयको छेउमा सरकारी विद्यालय तथा पोखरी र त्यसको अगाडी एउटा निजि विद्यालय पनि छ । फोहर र दुर्घन्धका भएको शौचालयलाई सफा गर्नेतर्फ धयान पुग्न सकेको छैन् । अनुचित स्थानमा शौचालय निर्माण गरेर रकमको दुरुपयोगका साथै नगरपालिका कार्यालयले आफ्नो दायित्वबाट समेत पन्छिएको छ ।

तसर्थ सुन्दर, सफा र हराभरा नगरको परिकल्पना बोकेको नगरपालिका कार्यालयले आफ्नो दायित्वलाई सम्झेर शौचालयलाई व्यवस्थित गर्नेतर्फ ध्यान पुर्‍याउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रिय किताबखानाद्वारा ई-पेन्सन अवधारणा सुरु

काठमाडौँ, २५ पुस (रासस) ।

राष्ट्रिय किताबखानाले निजामती सेवाबाट निवृत्त हुन लागेका कर्मचारीको हितलाई ध्यानमा राखेर ई-पेन्सन अनलाइन सेवा सुरुआत गरेको छ । ललितपुरबाट एक महिनाअघि प्रारम्भिक परीक्षण गरिएको उक्त सेवा अहिले दुर्गम जिल्लाबाट पनि पेन्सनपट्टाका लागि अनलाइन आवेदन दिन सकिने व्यवस्था गरिएको छ ।

सूचना प्रविधिप्रतिको बढ्दो आकर्षण र सेवालाई छिटो, छरितो र प्रविधिमैत्री बनाउने सिलसिलामा ई-पेन्सनको अवधारणा अघि सारिएको किताबखानाका निमित्त महानिर्देशक सङ्गीता ओझाले जानकारी दिनुभयो ।

उक्त अवधारणाले पेन्सनपट्टाका लागि दूरदराजबाट राजधानी आएर अनेकथरि कागजात सङ्कलन गर्नुपर्ने झन्झट अन्त्य गर्नेछ । किताबखानाले निजामती, शिक्षक र प्रहरीको नियुक्तिदेखि अवकाश हुँदासम्मको सम्पूर्ण अभिलेख राख्दै आएको छ । निजामती सेवा ऐन तथा नियमावलीले २० वर्ष बढी सेवावधि पूरा गरेकालाई पेन्सन तथा त्योभन्दा कम अवधि हुनेलाई उपदान पाउने व्यवस्था गरेको छ ।

किताबखानाको तथ्याङ्कानुसार आर्थिक वर्ष २०७८/७९ मा तीन हजार सात सय ८५ कर्मचारीले निवृत्तिभरण लिएका थिए । हालसम्म ८८ हजार निजामतीतर्फका कर्मचारी सेवानिवृत्त भएको अभिलेखबाट देखिन्छ । राष्ट्रिय किताबखाना मुलुकको शासनको स्थायी सरकारको रूपमा रहेको सार्वजनिक प्रशासनअन्तर्गतका पदाधिकारीको अभिलेख व्यवस्थापन गर्ने यो महत्वपूर्ण निकाय हो । उक्त कार्यालय मातहत निजामती कर्मचारी, शिक्षक र प्रहरी कर्मचारीको समेत अभिलेख व्यवस्थापन हुँदै आएको छ ।

किताबखानाका सूचना अधिकारी प्रकाशजङ्ग कार्कीले मुलुकका सबै जिल्लामा सेवानिवृत्त हुने कर्मचारीबाट पेन्सनपट्टाका लागि अनलाइनमार्फत आवेदन लिने प्रक्रिया शुक्रबारदेखि सुरु भएको जानकारी दिनुभयो । सेवानिवृत्त हुन लागेका कर्मचारीलाईक्स पेन्सनपट्टा बनाउँदा के-कति कस्ता कागजात चाहिन्छ भनेर पहिले नै सूचना पठाइने र त्यसका आधारमा आफू रहे बसेकै स्थानबाट प्रविधिको माध्यमद्वारा अनलाइनमार्फत ती कागजात उपलब्ध गराउन सकिने छ ।

उक्त सेवा विस्तार गर्ने सिलसिलामा किताबखानाले पहिलो चरणमा मङ्सिर १५ देखि नै अनलाइन निवेदन सुरु गरेको थियो । उक्त अवधारणा अभ्यासमा आएसँगै अनलाइनमार्फत सम्पूर्ण कागजात पहिले नै तयार हुने भएकाले सम्बन्धित व्यक्तिको तस्वीर, औठाछाप, कार्यालयको छाप र लिन/पाउने सुविधा यकिन भएसँगै सम्पूर्ण काम छिनभरमै हुनेछ । तर कतिपयमा सूचना प्रविधिप्रति विश्वास र विश्वस्त नभएका कारण परम्परागत र ई-पेन्सन दुवै प्रक्रिया अभ्यासमा कायम रहने निमित्त महानिर्देशक ओझाले बताउनुभयो ।

मुलुकमा प्रशासन, कृषि, आर्थिक योजना तथा तथ्याङ्क, वन, शिक्षा, स्वास्थय, विविध, इञ्जीनियरिङ, न्याय, परराष्ट्र, लेखा परीक्षण र संसद् सेवामा गरी हाल एक लाख ३६ हजार तीन सय ३२ दरबन्दी कायम छ । ती सेवामा हाल ८६ हजार एक सय ९४ कर्मचारी कार्यरत रहेकामा त्यसमध्ये २३ हजार सात सय १२ महिला हुनुहुन्छ ।

किताबखानाले कर्मचारीको नियुक्ति, नागरिकता, शैक्षिक योग्यता, सरुवा, बढुवा, बिदा, विभागीय कारबाही, सेवा अवधि जोडेको अभिलेख, पाएका पुरस्कारको विवरण अद्यावधिक गर्दै आएको छ । उक्त निकायले उपदान, निवृत्तिभरण, पाविारिक निवृत्तिभरण, औषधोपचार, बीमा, सञ्चित बिदा, अशक्त र सन्तति वृत्तिलगायतको समेत काम गर्छ । अनलाइनबाट सबै कागजात सङ्कलन हुने भए पनि हाल सेवानिवृत्त हुने सङ्घीय निजामती सेवाका कर्मचारीमात्र भएकाले पेन्सनपट्टा बनाउन भने अझै किताबखाना आउनुपर्ने बाध्यता कायमै छ ।

प्रदेशले भने आ-आफ्नै कानुन बनाएर यो सेवा सुरु गर्न सक्नेछ । किताबखानाले अभिलेखलाई क्रमश: विद्युतीय प्रणालीमा रुपान्तरण गर्ने सिलसिलामा हाल ९० प्रतिशत प्रविधिमा आबद्ध गराई सफ्टवेयरमा व्यवस्थित गरिसकेको छ । किताबखानाले सरकारी कोषबाट खर्च लेखिने सम्पूर्ण कर्मचारीको वैयत्तिक विवरणलाई सिटरोल फारम प्रमाणित गरी सूचना प्रणालीमा व्यवस्थित गर्दै आएको छ । ऐतिहासिक पृष्ठभूमि रहेको उक्त कार्यालय मुलुकको प्रशासन सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी भर्नालाई व्यवस्थित गर्ने क्रममा यसको सुरुआत र विकास भएको हो ।

किताबखानाको तथ्याङ्कअनुसार हाल नेपाल प्रहरीको दरबन्दी ७९ हजार पाँच सय ४३ र सशस्त्र प्रहरी बल नेपालको ३७ हजार एक सय १७ छ । त्यस्तै शिक्षकको दरबन्दी प्राथमिक तहमा ७८ हजार नौ सय ११, निम्न माध्यामिकतर्फ १६ हजार दुई सय २४ र माध्यमिक तहमा १२ हजार सात सय २५ छ ।

लोक सेवाको परीक्षा उत्तिर्णपछि सिटरोल भरेसँगै निजामतीमा होस् वा जङ्गीमा प्रवेश गर्ने कर्मचारीको पहिचानका लागि किताबखानाले सङ्केत नम्बर प्रदान गर्छ । सेवामा रहँदा उक्त कर्मचारीको पहिचान त्यही नम्बरबाट हुन्छ । किताबखानाले पछिल्लो समय प्रयोगमा ल्याएको अनलाइनबाट सम्बन्धित व्यक्तिले सङ्केत नम्बरका आधारमा आफ्नो वैयत्तिक विवरण हेर्न मिल्ने भए पनि सम्पादन गर्न भने सकिन्न ।

उक्त कार्यालयको रेकर्डअनुसार कतिपय व्यक्तिको नोकरी अवधिभन्दा पेन्सनको समय धेरै भएको पाइएको छ । बहुविवाहलाई कानुनले बन्देज लगाएता पनि कतिपयका धेरै श्रीमती भएका कारण हक हस्तान्तरण पनि समस्याका रूपमा रहेको देखिएको छ । कतिपटकसम्म हक हस्तान्तरण भन्ने एउटा गम्भीर प्रश्न उठेको र त्यो रोकिएमा राज्यलाई केही हदसम्म भए पनि आर्थिकभार कम हुने निमित्त महानिर्देशकको भनाइ छ ।

राष्ट्रिय किताबखाना मातहत कानुनमा निजामती, शिक्षक र प्रहरी सेवाको महाशाखा रहने अवधारणा ल्याइए पनि भवन र जनशक्ति अभावका कारण हाल बेग्ला-बेग्लै स्थानबाट उक्त कार्य सम्पादन हुँदै आएको छ ।

# ‘सरकारलाई विश्वासको मत दिन आग्रह’

काठमाडौँ, २५ पुस (रासस) ।

राष्ट्रियसभाको बैठक नयाँ बानेश्वसरस्थित संसद् भवनमा सुरु भएको छ । सोही क्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पहिलो वैठकको प्रारम्भमा सदस्यलाई स्वागत गर्नुभयो ।

बैठकमा लोकतन्त्र प्राप्तिको आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञातअज्ञात सहिदप्रति एक मिनेट मौनधारण गरी उहाँहरुप्रति सम्मान प्रकट गरियो । अध्यक्ष तिमिल्सिनाले सदन आह्वान तथा प्रधानमन्त्री नियुक्ति र मन्त्रिपरिषद् गठनसम्बन्धी राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र वाचन गरेर सुनाउनुभयो ।

अधिवेशन प्रारम्भका अवसरमा दलीय प्रतिनिधित्वका तर्फबाट शुभकामना मन्तव्य दिने क्रममा नेकपा (माओवादी केन्द्र)का उर्मीला अर्यालले नवगठित मन्त्रिपरिषद्लाई बधाई ज्ञापन गर्दै विश्वासको मत दिएर नवगठित सरकारलाई राष्ट्रिय सहमतिको सरकार बनाउन समर्थन गरी सहयोग पुर्‍याउन आह्वान गर्नुभयो ।

उहाँले भन्नुभयो, “सरकारले ल्याउन लागेको साझा नीति तथा कार्यक्रममा दोहोरो आर्थिक वृद्धिदरसहितको आर्थिक लक्ष्य हासिल गर्ने कार्यक्रम समावेश गरियोस् ।” उहाँले साझा कार्यक्रममा गरिबी निवारण, नागरिकता विधेयक यथाशीघ्र अनुमोदन, सार्कका गतिविधि चुस्त तुल्याउने, तराई- मधेसका उत्पीडित महिलालाई आर्थिक र स्वरोजगाको मूल प्रवाह ल्याउने विषयमा विशेष ध्यान दिन सुझाव दिनुभयो ।

नेपाली कांग्रेसका रमेशजङग रायमाझीले कांग्रेसको नेतृत्वले स्थानीय तहदेखि केन्द्रसम्मका निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित

*बाँकी तीन पृष्ठमा*

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# राष्ट्रिय कृषि गणनाको परिणाम अन्तिम चरणमा

काठमाडौं, २५ पुस (रासस)।
मुलुकमा सङ्घीय संरचना सुरुआत भएपछि पहिलो पटक गरिएको राष्ट्रिय कृषि गणनाको परिणाम अन्तिम चरणमा पुगेको छ।

उक्त गणनाअन्तर्गत देशभरमा उत्पादन हुने विभिन्न बालीनालीको अवस्था, कृषि क्षेत्रको विवरण, कृषि उत्पादनमा समेटिएको क्षेत्रफल, पशुपक्षीको सङ्ख्या, सिँचाइ, कृषि सामग्रीको प्रयोग, माछापालनलगायत विवरण सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्ने कार्य अन्तिम अवस्थामा पुगेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ।

आगामी माघभित्रमा यसको प्रकाशन गरिने तयारी छ। पहिलोपटक पालिकास्तरदेखि नै कृषकको अवस्था खेतीपाती गरिएका कित्ताको क्षेत्रफल, उत्पादनलगायत विषय सङ्कलन गरिएको हो। देशभरको कृषि क्षेत्रका समग्र विषयवस्तु सङ्कलन गर्ने कार्य नै राष्ट्रिय कृषि गणना हो। बिसं २०१८ देखि प्रत्येक १०/१० वर्षमा कृषि गणना हुँदै आएको छ।

यस क्रमको यो सातौं राष्ट्रिय कृषिगणना २०७८ को चैत, वैशाख र जेठमा सञ्चालन गरिएको तथ्याङ्क अधिकृत गणेश फुयाँलले जानकारी दिनुभयो।

यसपटकको राष्ट्रिय जनगणनाअन्तर्गत पारिवारिक विवरण सङ्कलन गर्दा हरेक परिवारले चलन गरिआएको खेतीपातीको क्षेत्रफल र पशुपक्षीको सङ्ख्या सङ्कलन गरिएको थियो। सोही लगतका आधारमा ७७ जिल्लाका सात सय ५३ गाउँपालिका र नगरपालिकामा वैज्ञानिक छनोट विधिले छानिएका गणनाक्षेत्र (वडा, वडाखण्ड) मा रहेका कृषक परिवारको सूची अध्यावधिक गरी निश्चित मात्रामा कृषक परिवार छानिएका र कृषक परिवारसँग व्यक्तिगत अन्तवार्ताद्वारा कृषिचलनसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिएको छ।

सो गणनाअन्तर्गत पारिवारिक, व्यावसायिक तथा संस्थागतरूपमा सञ्चालन भएका कृषिकार्यको विवरण सङ्कलन गरिएको हो। कृषि गणनामा सबै घरपरिवारको गणना नभई सात सय ५३ वटै स्थानीय तहको प्रतिनिधित्व हुने तथा पूर्ण विवरण आउने गरी तथ्याङ्कीय विधिबाट छानिएका करिब तीन लाख ५० हजार कृषक घरपरिवारको गणना गरिएको छ।

जनगणनामा करिब ४१ लाख कृषक परिवारको सूचीकरण भएकामा कृषि गणनामा जनगणनाबाट प्राप्त कृषक परिवारमध्ये करिब छानिएका तीन लाख ५० हजार कृषक परिवार वैज्ञानिक विधिबाट छनोट गरी विस्तृत विवरण सङ्कलन गरिएको कृषि तथा वन तथ्याङ्क शाखाका वरिष्ठ अधिकृत सहनलक्ष्मी ताम्राकारले बताउनुभयो।

कृषक परिवार प्रश्नावलीमार्फत कृषक परिवार, कृषि चलन, कृषि कामदार, कित्ताको विवरण र सिँचाइ, खेती गरिएका अन्नबाली, कोसेबाली, दलहन, कन्दमूल, तेलबाली, नगदेबाली, मसलाबाली, अन्य तरकारी, फलफूल, बीउबिजन विषादि तथा मलखादको प्रयोगका विषयबारे राष्ट्रिय कृषिगणनामा सङ्कलन गरिएको छ।

गणनाअन्तर्गत पाल्तु पशुपक्षीको उमेरअनुसारको सङ्ख्या, कृषि कार्यमा प्रयोग हुने भवन र संरचना, कृषि औजार, पोखरीको विवरण र माछापालन, मौरीपालन, च्याउ र पुष्पखेती, रेशम खेती, कृषि ऋण, बीमा र अनुदान, कृषिमा वातावरणीय प्रभाव, दैवी प्रकोप, खाद्य पर्याप्तता, महिला र पुरूषका नाममा रहेको कृषि जग्गा तथा परिवारका अन्य आर्थिक क्रियाकलापसम्बन्धी विवरण पनि छन्।

पारिवारिक, व्यावसायिक र संस्थागतरूपमा उत्पादन हुने खेतीपाती, पशुपक्षीपालन, माछापालनको गणनाले यस क्षेत्रले राष्ट्रिय उत्पादनमा पार्ने प्रभाव तथा योगदानको अध्ययन गर्न सहयोग पुग्ने पशु सेवा विभागकका प्रवक्ता डा चन्द्र ढकालले जानकारी दिनुभयो।

व्यावसायिकरूपमा गरिएका तरकारी खेती, फलफूलखेती, ठूलो सङ्ख्यामा गरिएको कुखुरापालन, बाख्रापालन, दूध तथा दूधजन्य उत्पादन बिक्रीका लागि गरिएको गाई भैँसीपालन आदि पर्दछन्। संस्थागत कृषिकार्य भन्नाले सरकारी, अर्धसरकारी वा गैरसरकारी फार्म पर्दछन्। यसमा सहकारी व्यवस्थापनअन्तर्गत सञ्चालित कृषि फार्म पनि पर्दछन्।

तथ्याङ्क सङ्कलनका लागि छानिएका गणना क्षेत्रमा करिब पाँच हजार गणक, सुपरीवेक्षण तथा सहजीकरणका लागि करिब एक हजार तीनसय सुपरीवेक्षकको व्यवस्था गरिएको थियो।

तथ्याङ्क सङ्कलनका क्रममा कागज र कलमसहितको अन्तवार्ता विधि र टचाबलेटको प्रयोग गरिएको कृषि गणनामा ७७ जिल्लामा अस्थायी प्रदेश तथा जिल्ला कृषि गणना कार्यालयको व्यवस्थापन गरिएको थियो।

कृषि प्रणालीमा महिलाको सहभागिताको अवस्था, उनीहरूको स्वामित्वमा रहेको कृषि जग्गा, कृषिकार्यसम्बन्धी निर्णयमा उनीहरूको पहुँचबारे अध्ययन तथा कृषिगणनाको नतिजा गापा, नपा, प्रदेशस्तरमा र राष्ट्रियस्तरमा समेत उपलब्ध गराइने हुँदा तीनै तहका सरकारमा योजनातर्जुमा, अनुगमन, मूल्याङ्कन गर्न सहयोग पुग्नेछ।

# सबैभन्दा ठूलो वाणिज्य बैंक बन्यो ग्लोबल आइएमई

काठमाडौं, २५ पुस (रासस)।
ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डूबीच मर्जरपछि सोमबारबाट एकीकृत कारोबार सुरु भएसँगै यो सबैभन्दा ठूलो वाणिज्य बैंक बनेको छ। कूल पुंजी, निक्षेप, कर्जा, शाखा सञ्जाललगायतका आधारमा ग्लोबल आइएमई बैंक देशकै सबैभन्दा ठूलो बैंक भएको हो।

सोमबार एकीकृत कारोबार शुभारम्भ कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले अधिकांश वित्तीय सूचकमा ग्लोबल आइएमई बैंक नेपालको पहिलो बैंक बनेको बताउनुभयो। मुलुकको वित्तीय क्षेत्रको कूल बजार हिस्साको करिब १० प्रतिशत ओगट्ने आकारमा यो बैंक पुगेको उहाँको दाबी छ।

“यसअघि पनि हामी धेरै सूचकमा पहिलो नै थियौं। तर, सोमबारको मर्जरपछि हामी भनैमाथि उक्लिन सफल भएका छौं। योसँगै हालसम्म पाँचवटा वाणिज्य बैंक, १० वटा विकास बैंक र छ वटा फाइनान्स कम्पनीसहित कूल २१ वटा वित्तीय संस्था एउटै संस्थाका रुपमा एकीकृत गरेका छौं”, ढकालले भन्नुभयो।

एकीकृत कारोबारपछि बैंकको कूल पुँजी कोष रु ५७ अर्ब पुगेको छ। निक्षेप सङ्कलन रु चार खर्ब १० अर्ब, कर्जा प्रवाह रु चार खर्ब र कूल सम्पत्ति रु पाँच खर्ब पुगेको छ। बैंकले सबै जिल्लामा शाखा सञ्जाल पुऱ्याएको छ। हाल ग्लोबल आइएमई बैंकका देशभर एक हजार एक सय शाखा तथा तीन वटा वैदेशिक सम्पर्क कार्यालय छन्। दक्षिण कोरियामा नेपाली बैंकको पहिलो वैदेशिक शाखा सञ्चालनको अन्तिम तयारीमा पनि ग्लोबल आइएमई बैंक छ। बैंकमा हाल ४० लाखभन्दा बढी ग्राहक छन् भने चार हजारभन्दा बढी कर्मचारी कार्यरत छन्।

नेपाल राष्ट्र बैंकले मर्जरको नीति घोषणा गरेपछि त्यसलाई पछयाउँदै अहिलेको अवस्थासम्म आइपुगेको अध्यक्ष ढकालको भनाइ छ। “मर्जरमा गएकै कारणले हामी मात्रै सफल भएका छैनौं, सरकारको यो नीतिको कार्यान्वयनबाट अरु बैंक तथा वित्तीय संस्था पनि मर्जरमा जानका लागि उत्साहितसमेत गरेका छौं”, उहाँले भन्नुभयो।

बैंकको आकार र वित्तीय सूचकांकमा ठूलो देखिनु मात्र सफलता नभइ मुलुकको वित्तीय क्षेत्रमा रचनात्मक र गुणात्मक परिवर्तन ल्याउन सकोस् भन्ने उद्देश्यले मर्जरलाई प्राथमिकतामा राखिएको ढकालको भनाइ छ।

“मुलुकका सबै क्षेत्रमा सबै नागरिकलाई, सानोदेखि ठूलासम्म, वित्तीय सेवा पुऱ्याउने बैंकका रुपमा अघि बढिरहेको ग्लोबल आइएमई बैंकले मुलुकको वित्तीय क्षेत्रमा रचनात्मक र गुणात्मक परिवर्तन ल्याउने लक्ष्य हामीले लिएका छौं”, उहाँले भन्नुभयो।

ठूलो बैंक हुनुका पछाडि अवसर मात्र नभएर कैयौं चुनौती पनि जोडिएर आउने ढकालको बुझाइ छ। पटक-पटक मर्जरको अनुभव हासिल गरिसकेकाले त्यस्ता चुनौतीलाई कुशलतापूर्वक व्यवस्थापन गरी बैंकलाई सबल संस्थाका रुपमा विकास गर्न सक्षम हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

बैंकहरुको पुँजी कम हुँदा अहिलेको आवश्यकताअनुसार एउटै परियोजनाका लागि स्रोत जुटाउन पनि बढी सङ्ख्यामा बैंकहरुको सहकार्य गर्नुपर्ने अवस्था भएको ढकालको भनाइ छ। ठूलो आकारको बैंक बनेसँगै ठूला पूर्वाधार निर्माणमा लगानी गर्न र यस्तो कठिनाई भोगिरहेका उद्योग व्यवसायीका लागिसमेत यसले राहत दिने उहाँले बाउनुभयो।

### ‘सरकारलाई ...

वातावरणमा सम्पन्न गर्नु महत्वपूर्ण कार्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, “निर्वाचनले मुलुकलाई लोकतान्त्रिक बाटोमा ल्याएर नयाँ सरकार र संसद् गठनको बाटो खुलेको छ। मुलुकबहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा रहे पनि व्याप्त भ्रष्टाचार र बेथिति अन्त्य हुन्छ भन्नेमा ढुक्क हुने अवस्था छैन।”

देशभित्र आफ्नो भविष्य नदेखेर विदेश जान बाध्य युवालाई स्वदेशमा कसरी रोक्ने भन्ने अहिलेको प्रमुख चुनौती रहेको बताउँदै उहाँले राष्ट्रहित र जनहितमा सरकारले काम गरेका खण्डमा यावत् समस्या समाधान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, “कांग्रेस रचनात्मक प्रतिपक्षको भूमिकामा रही विगतको यथार्थबाट पाठ सिक्दै अगाडि बढ्नेछ।” नेकपा (एमाले) का देवेन्द्र दाहालले प्रतिपक्षलाई वर्तमान सरकारलाई कम्तीमा १०० दिन काम गरेको हेर्न सुझाव दिनुभयो। उहाँले भन्नुभयो, “पछिल्लो १८ महिनामा मुलुकको अर्थतन्त्र धरासयी भएको छ। वर्तमान सरकारले वैदेशिक रोजगारीमा गएका युवालाई स्वदेशमै रोजगार उपलब्ध गराउने कुरामा ध्यान दिनुपर्छ।”

नेपालमा वामपन्थीको एकता नटिक्ने अनि सहकार्य चाहिँ हुने अभ्यास देखिएको उल्लेख गर्दै उहाँले सैद्धान्तिक अवधारणाविना पार्टी एकता भएमा स्थायित्व प्राप्त गर्न कठिन हुने धारणा राख्नुभयो। सभाका सदस्य दाहालले भन्नुभयो, “वर्तमान सरकारले देशको नेतृत्व गर्न सफल हुनेछ। संसद् भनेको कानुन निर्माण गर्ने थलो हो। तर नेपालमा यो सदन छायामा परेको छ। तराईमा अत्यधिक शीत लहरबाट जनतालाई जोगाउन सरकार लागिपर्नुपर्छ।”

## विश्व समाचार

### भवन भत्किँदा इजिप्टमा चार जनाको मृत्यु

कायरो, २५ पुस, (रासस-सिन्ह्वा)।
इजिप्टको असियट गभर्नोरेटमा आइतबार पाँच तले भवन भत्किँदा कम्तीमा चार जनाको मृत्यु भएको छ। उद्धार टोलीहरूले भग्नावशेषमुनि एक बालिका र एक वृद्ध महिलालाई उद्धार गर्न सफल भएको गभर्नर एसाम सादले विज्ञप्तिमार्फत जनाएका छन्।

दुर्घटनाको कारणबारे अनुसन्धान जारी छ। शनिबार यस्तै दुर्घटनामा उत्तरी तटीय प्रान्त अलेक्जान्ड्रियामा तीन तले भवन भत्किँदा दुई युवाको मृत्यु भएको थियो।

### नाइजेरियामा रेल स्टेसनबाट ३० जनाभन्दा बढी व्यक्ति अपहृत

अबुजा, २५ पुस, (रासस-एएनआई)।
नाइजेरियाको दक्षिणी इडो राज्यस्थित रेल स्टेसनबाट शनिबार एके-४७ राइफल बोकेका हतियारधारीले ३० जनाभन्दा बढी व्यक्तिलाई अपहरण गरेको डिडब्ल्यु न्युजले जनाएको छ।

इडो गभर्नरको कार्यालयले जनाएअनुसार बन्दुकधारीको आक्रमण इग्वेबेनमा करिब ४ बजे (स्थानीय समय) मा भएको थियो।

एके-४७ असल्ट राइफल लगायतका हतियार लिएर आएका मानिसले आक्रमणको सो स्टेशनमा ट्रेनको पर्खाइँमा रहेका यात्रुलाई आक्रमण गरेका थिए। सूचनामन्त्री क्रिस ओसा नेहिखारेले आक्रमणमा ३२ जना अपहरणमा परेको तर एकजना बेपत्ता भएको बताएका छन्। अहिले, सुरक्षाकर्मी परिचालन गरी पीडितहरूको उद्धारकार्य अगाडि बढाइएको नेहिखरेले जनाएका छन्।

### अष्ट्रेलियाका पीडितलाई सहयोग गर्ने घोषणा

क्यानबेरा, २५ माघ, (रासस-सिन्ह्वा)।
अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले पश्चिमी अष्ट्रेलिया (डब्ल्युए) मा आएको भीषण बाढीमा परी पीडित भएका व्यक्तिका लागि सहयोगको घोषणा गर्नुभएको छ। प्रधानमन्त्री अल्बानीजले सोमबार राज्य प्रिमियर मार्क म्याकगोवानसँग उत्तरी डब्ल्युएको दुर्गम किम्बरली क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित क्षेत्रको भ्रमण गर्नुभएको छ।

गत डिसेम्बर ३० देखि यस क्षेत्रका केही भागमा ५०० मिलिमिटरसम्म वर्षा भएको थियो। यहाँस्थित फिट्जरोय नदीले बाढी निम्त्याउँदा व्यापक जनधनको क्षति भएको छ। यहाँका सडक डुबानमा परेपछि सयौं बासिन्दा नराम्ररी प्रभावित भएका छन्।

अल्बानीजले सोमबार पीडितहरूका लागि सङ्घीय र राज्य विपद् रिकभरी कोषको घोषणा गर्नुभएको छ।

प्रभावित बासिन्दालाई आफ्नो घर मर्मत गर्न र क्षतिग्रस्त सामान प्रतिस्थापन गर्न अनुदानले सहयोग पुऱ्याउने छ। प्रधानमन्त्रीले सबैभन्दा ठूलो चुनौती भनेको व्यापक क्षति भएका पूर्वाधार मर्मत गर्नुरहेको बताउनु भएको छ।

### एभियन फ्लुका कारण जापानमा एक करोड पंछी मारिए

टोकियो, २५ पुस, (रासस-सिन्ह्वा)।
एभियन इन्फ्लुएन्जाको त्रास बढ्दै गएपछि जापानमा यस याममा पोल्ट्री फार्ममा करिब एक करोड चरा नष्ट गरिएको छ।

टोकियोको उत्तरपूर्वी इबाराकी प्रिफेक्चरको शिरोसाटो सहरको कुखुरा फार्ममा बर्डफ्लूको प्रकोप पुष्टि भएकाले चरा, कुखुरालगायत पक्षी नष्ट गरिएको कृषि, वन तथा मत्स्य मन्त्रालयले जनाएको छ।

# मेयर कपमा तालतलैयाको विजयी

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**
सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित चौथो मेयरकप २०७९ फुटबल प्रतियोगितामा तालतलैया फुटबल क्लव सुनसरीले विजयी सुरुवात गरेको छ ।

प्रतियोगिता अन्तर्गत सोमवार सम्पन्न खेलमा मोतिराजा युवा क्लवलाई शुन्यका विरुद्ध दुई गोल अन्तरले पराजित गर्दै तालतलैयाले विजयी सुरुवात गरेको हो । तालतलैयाका लागि उमेश राई र बिसु श्रेष्ठले गोल गरेका थिए ।

प्रतियोगिता अन्तर्गत मंगलवारको खेल बरख गण राजविराज र गोलबजार स्पोर्टस क्लव गोलबजार बीच हुने संयासी युवा क्लवका सचिव श्रवण कुमार चौधरीले जानकारी दिएका छन् ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाद्वारा सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका बिभिन्न १२ क्लवको सहभागिता रहेको छ । प्रतियोगिता माघ ६ गतेसम्म चल्ने प्रतियोगिताका बिजेताले नगद रु. ५५ हजार तथा ट्रफि र उपविजेताले नगद रु. ४५ हजार प्राप्त गर्नेछ । संयासी युवा क्लवले गत २०४३ सालदेखि फुटवल प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

# हवाई भाडा घटयो

काठमाडौँ, २५ पुस (रासस) ।
सरकारले हवाई इन्धनको मूल्य घटाएसँगै हवाई भाडा पनि घटाइएको छ । आयल निगमले इन्धनको मूल्यमा प्रतिलिटर रु २० कटौती गरेसँगै वायुसेवा सञ्चालक सङ्घले हवाई भाडा घटाएको हो । सङ्घका अनुसार काठमाडौँदेखि धनगढीसम्मको उडानमा सबैभन्दा धेरै रु आठ सय ८५ भाडा घटेको छ । यो गन्तव्यका लागि रु सात हजार पाँच सय दश कायम भएको छ । काठमाडौँदेखि धनगढीसम्म अधिकतम भाडा रु १६ हजार एक सय ४० कायम भएको छ ।

काठमाडौँबाट हुने पर्वतीय उडान (माउण्टेन्ट फ्लाइट)मा रु छ सय ८५ भाडा घटेर अधिकतम रु १४ हजार दुई सय पाँच कायम भएको छ । काठमाडौँ-सिमरामा रु एक सय ८० भाडा घटेको छ । त्यस्तै काठमाडौँ-भद्रपुरमा रु छ सय, काठमाडौँ-विराटनगरमा रु चार सय ८५, काठमाडौँ-जनकपुरमा रु दुई सय ६०, काठमाडौँ-भरतपुरमा रु दुई सय १५ र काठमाडौँ-पोखरामा रु तीन सय २० भाडा घटेको छ ।

# उद्धार गर्न सरकारको पहल

काठमाडौँ, २५ पुस (रासस) ।
सरकारले वैदेशिक रोजगारीका क्रममा मलेसियामा बन्धक बनाइएका १९ नेपालीको उद्धार गर्न पहल गरेको छ ।

वैदेशिक रोजगारको सिलसिलामा मलेसिया पुगेका उनीहरूलाई विगत आठ दिनदेखि बन्धक बनाइएको समाचार सार्वजनिक भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अवस्था बुझेर उद्धार गर्न पहल थालेको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यो विषय गम्भीर भएकाले तत्काल उद्धारका लागि आवश्यक सबै पहल गर्न मुख्यसचिव शङ्करदास बैरागीमार्फत सम्बन्धित निकायलाई निर्देशन दिनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो ।

वैदेशिक रोजगारीका लागि मलेसिया पुगेका उनीहरूलाई एजेन्टले स्थानीय केलाङ सहरको एक भवनमा लागेर बन्धक बनाएको भिडियो सार्वजनिक भएको छ ।

सम्झौताअनुसारको काम नदिई अन्य काम गर्न दबाब दिएर कम्पनीले ज्यादती गरेको दाबी गरेका छन् ।

कम्पनीको दबाबका विरुद्ध आवाज उठाउँदा आफूहरूमाथि कुटपिटसमेत भएको उनीहरूको गुनासो छ । कम्पनीबाट निकालेर एउटा भवनको कोठामा राखिएको र आफूहरूलाई बाहिर ननिस्कन भनिएको अलपत्र श्रमिकको भनाइ छ । बन्धक बनाइएका श्रमिकले तत्काल उद्धार गरेर नेपाल फर्काउने व्यवस्था मिलाउन सरकारसँग माग गरेका छन् ।

## कृषि उपकरण ...

गरिएको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

उनीहरुले केही दिन यता रातीको समयमा सोही वडाका कृषक राजकुमार साह, रामकुमार यादव, परशुराम यादव, राजकुमार शर्मा, दुखीलाल यादव र महेशप्रसाद साह लगायतको खेतबाट उक्त कृषि उपकरण चोरी गरेको पाइएको डिएसपी सिंहले बताए ।

पक्राउ परेकाहरुलाई सोमवार सप्तरी जिल्ला अदालतबाट ७ दिनको म्याद थपेर चोरी मुद्दामा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# लोकतन्त्रको रक्षाका लागि सक्रिय भूमिका खेल्छौं : अध्यक्ष डा. राउत

काठमाडौँ, २५ पुस (रासस) ।
जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सीके) राउतले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सम्मान गर्दै यो व्यवस्थाको दिगोपनाका लागि पार्टीले सक्रिय भूमिका खेल्ने बताउनुभएको छ ।



प्रतिनिधिसभाको सोमबारको बैठकमा सम्बोधन गर्दै उहाँले विश्वकै उत्कृष्ट व्यवस्थाको रक्षा गर्न पार्टी जिम्मेवार ढङ्गले लाग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "गणतान्त्रिक व्यवस्थाप्रति हाम्रो उच्च सम्मान रहेको छ, त्यस्तै लोकतान्त्रिक व्यवस्थाको रक्षाका लागि पार्टीले सदैव अग्रणी भूमिका खेल्नेछ ।"

अध्यक्ष राउतले आफूहरुलाई संसद्मा पुऱ्याउन भूमिका खेल्ने जनताको अभिमतलाई धन्यवाद दिँदै आफ्नो निर्वाचन क्षेत्रबाट यसअघि निर्वाचित उम्मेदवारको पनि स्मरण गर्नुभयो ।

"आवेग र अग्रजप्रति पार्टीको सम्मान पनि छ । हामीभित्र देखिएको आवेग जनताभित्र रहेको परिवर्तनको आकाङ्क्षा हो, त्यसलाई सकारात्मक ऊर्जाका रुपमा उपयोग गर्न सकौँ भनेर यहाँ आएको छु", उहाँले भन्नुभयो ।

नेपाल विविधतायुक्त मुलुक नेपालको समस्यालाई सामूहिकरुपमा समाधान गर्न सबै अग्रसर हुनुपर्नेमा जोड दिनुभयो । उहाँले किसानले बेहोरिरहेको विभिन्न समस्याबारे सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।


जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार।

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np